Regd. No 1214/066/067

# दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड

# Dordi Khola Jal Bidyut Company Limited

Tripureshwor, Kathmandu, Nepal

Ref No :- 80/81

मिति: २०८०/९/७

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय ,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति पौष ०६, २०८० गते शुक्रवार दिउँसो ४:३० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.व. २०७८/७९ र आ.व.२०७९/८० को वार्षिक साधारण सभा मिति पौष २९ ,२०८० (जनवरी १४, २०२४) गते आइतबार बिहानको ८:३० बजे हुने निर्णय भएको जानकारी गराउँदछौं । साथै उक्त साधारण सभामा पेश गरिने प्रस्तावहरु निम्न बमोजिम रहेका छन् ।

**क) साधारण प्रस्तावहरु**

क) संचालक समितिको आ.व. २०७८/७९ र आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७८/७९ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

ग) आ.व. २०७९/८० को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

घ) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७९/८० को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

ङ) आ.व. २०८०/८१ को लागि लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

च) स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने ।

छ) कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम सर्व साधारण शेयरधनीको तर्फबाट संचालकको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरु**

क) हकप्रद शेयर निष्काशन गर्ने ।

ख) कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने र सो संशोधन तथा हाल सम्मको संशोधन सहितको एकीकृत प्रबन्धपत्र तथा नियमावली स्वीकृत गर्ने ।

ग) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा र एकीकृत प्रबन्धपत्र तथा नियमावलीमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

उक्त वार्षिक साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पूस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति पौष १५, २०८० एक दिन मात्र बन्द रहने छ । शेयरधनी पुस्तीका बन्द भएको अधिल्लो दिन मिति पौष १४, २०८० सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई सात (७) कार्य दिन भित्र दाखिल खारेजका लागी प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।

भवदीय,

...............

रुपेश बोगटी
परिपालन अधिकृत

**बोधार्थ,**

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार, काठमाण्डौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाडौं ।